# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्डः १० | संख्याः ७ | २०८३ श्रावण १३ |
|---|---|---|


दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग:२

## स्वास्थ्यकर्मी सरुवा, पदस्थापन तथा काज व्यवस्थापन मापदण्ड, २०८३

**प्रस्तावना :** दुल्लू नगरपालिका अन्तर्गत सञ्चालित दुल्लू अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको उपलब्ध जनशक्तिको समुचित परिचालन, सरुवा, पदस्थापना तथा काज व्यवस्थापन गर्न वान्छनिय भएकाले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले प्रदान गरेको अधिकार प्रयोग गरी  कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा (२३), कर्मचारी समायोजन ऐन, २०७५ तथा प्रचलित कानुन बमोजिम दुल्लू नगर कार्यपालिकाको मिति २०८३।०३।२४ गतेको बैठकबाट **"स्वास्थ्यकर्मी सरुवा, पदस्थापन तथा काज व्यवस्थापन मापदण्ड, २०८३"** स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद—१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम **"दुल्लू नगरपालिका स्वास्थ्यकर्मी सरुवा, पदस्थापन तथा काज व्यवस्थापन मापदण्ड, २०८३"** रहनेछ।

(२) यो मापदण्ड दुल्लू नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा लागू हुनेछ।

(३) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले दुल्लू नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुल्लू नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) "आधारभूत स्वास्थ्य तथा सरसफाई इकाई" भन्नाले नगरपालिकाको स्वास्थ्य वा जनस्वास्थ्य शाखा सम्झनुपर्छ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले दुल्लू अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य सेवा इकाइ सम्झनुपर्छ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले स्थानीय स्वास्थ्य सेवा, समायोजन भई आएका, करार, कार्यक्रम तथा अन्य स्रोतबाट कार्यरत स्वास्थ्य सेवासँग सम्बन्धित कर्मचारी सम्झनुपर्छ।

(छ) "सरुवा" भन्नाले एक स्वास्थ्य संस्थावाट अर्को स्वास्थ्य संस्थामा गरिएको सरुवा, काज र पदस्थापन सम्झनुपर्छ।

(ज) "पदस्थापन" भन्नाले नियुक्ति वा समायोजन पश्चात् तोकिएको कार्यस्थलमा खटाइएको व्यवस्था सम्झनुपर्छ।

(झ) "काज" भन्नाले निश्चित अवधिका लागि अस्थायी रूपमा अर्को स्वास्थ्य संस्थामा कामकाज गर्न खटाइएको व्यवस्था सम्झनुपर्छ।

(ञ) "समिति" भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनुपर्छ।

## परिच्छेद—२

## सरुवा, पदस्थापन तथा काज सम्बन्धी व्यवस्था

**३. लागू हुने कर्मचारी :** यो मापदण्ड देहायका स्वास्थ्यकर्मीहरूमा लागू हुनेछः

(क) स्थानीय स्वास्थ्य सेवा अन्तर्गतका कर्मचारी।

(ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारी।

(ग) करार सेवामा नियुक्त स्वास्थ्यकर्मी।

(घ) कार्यक्रम तथा विशेष परियोजनामा कार्यरत स्वास्थ्यकर्मी।

(ङ) दुल्लू अस्पताल वा विकास समिति स्वंयमसेवक कर्मचारहरु।

**४. सरुवा तथा काजका आधारभूत सिद्धान्त :** सरुवा, पदस्थापन तथा काज खटाउदा देहायका सिद्धान्त अवलम्बन गरिनेछः

(क) पारदर्शिता

(ख) वस्तुनिष्ठता

(ग) समान अवसर

(घ) सेवा प्रवाहको निरन्तरता

(ङ) दुर्गम क्षेत्रमा जनशक्ति सुनिश्चितता

(च) संस्थागत आवश्यकताको प्राथमिकता

(छ) घर पायक

## परिच्छेद–३

## सरुवा,पदस्थापन तथा काज सिफारिस समिति

**५. सिफारिस समिति गठन :** सरुवा,पदस्थापन तथा काज व्यवस्थापनका लागि देहाय बमोजिमको सिफारिस समिति रहनेछः

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| २. सामाजिक विकास समितिका संयोजक | -सदस्य |
| ३. संयोजकले तोकेको एक जना अधिकृत | -सदस्य |
| ४. आधारभूत स्वास्थ्य तथा सरसफाई इकाई प्रमुख | -सदस्य |
| ५. प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |
| ६.समितिले आमन्त्रीत सदस्यको रुपमा स्वास्थ्यकर्मीहरु मध्यवाट मनोनित २ जना | -सदस्य |

**६. समितिको काम, कर्तव्य र अधिकार**

(क) स्वास्थ्य संस्थाहरूको जनशक्ति अवस्था विश्लेषण गर्ने।

(ख) सरुवा तथा काज सम्बन्धी निवेदन माग एवम् अध्ययन गर्ने।

(ग) आवश्यक सरुवा तथा काज सम्बन्धी सिफारिस कार्यपालिकामा पेश गर्ने।

(घ) वार्षिक सरुवा योजना तयार गर्ने।

## परिच्छेद–४

## पदस्थापन, सरुवा तथा काज

**७. प्रारम्भिक पदस्थापन :** नवनियुक्त स्वास्थ्यकर्मीलाई स्वास्थ्य संस्थाको जनशक्ति रिक्तता, आवश्यकता, सेवा प्रवाहको अवस्था तथा भौगोलिक अवस्थाका आधारमा पदस्थापन गरिनेछ।

**८. नियमित सरुवा :** (१) स्वास्थ्यकर्मीलाई सामान्यतया एउटै स्वास्थ्य संस्था तथा आधारभूत स्वास्थ्य तथा सरसफाई इकाईमा न्यूनतम तीन वर्ष सेवा अवधि पूरा भएपछि सरुवा गर्न सकिनेछ।

(२) सरुवा प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र सम्पन्न गरिनेछ।

(३) सरुवा हुन चाहने स्वास्थ्यकर्मीहरुले श्रावण महिनाको वीस गते भित्र नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिन सक्नेछन।

(४) नियमित सरुवामा निवेदन नदिएका स्वास्थ्यकर्मीहरुलाई नियमित सरुवा गर्न वाधा पर्ने छैन।

**९. विशेष सरुवा :** देहायका अवस्थामा जुनसुकै समयमा सरुवा गर्न सकिनेछः

क) सेवा प्रवाहमा गम्भीर असर परेको अवस्थामा।

ख) स्वास्थ्य संस्थामा जनशक्ति रिक्त भएको अवस्थामा।

ग) स्वास्थ्यकर्मीको स्वास्थ्य अवस्थामा समस्या भएको देखिएमा।

घ) अनुशासन,आचरण तथा कार्यसम्पादन सम्बन्धी विषयहरु हेरफेर गर्नुपरेमा।

ङ) कार्यालयले आवश्यक ठानेको अन्य अवस्थामा।

(छ) निजलाई सो स्थानमा राखि राख्न उपयुक्त नभएमा।

(ज) स्वास्थ्य संस्थाको प्रमुखको सिफारिसमा मातहतका स्वास्थ्यकर्मी तथा श्रेणी विहिन कर्मचारी।

**१०. काजमा खटाउन सकिने अवस्था :** देहायका अवस्थामा स्वास्थ्यकर्मीलाई जुनसुकै अवस्थामा पनि काजमा खटाउन सकिनेछः

(क) जनशक्ति अभाव भएका स्वास्थ्य संस्थामा।

(ख) महामारी, विपद् तथा प्रकोप व्यवस्थापनमा।

(ग) प्रसूति तथा आकस्मिक सेवा सञ्चालनमा।

(घ) विशेष स्वास्थ्य शिविर तथा अभियान सञ्चालनमा।

(ङ) स्वास्थ्य संस्था प्रमुख वा अन्य कर्मचारी लामो बिदामा बसेको अवस्थामा।

(च) रिक्त दरबन्दीमा अस्थायी रूपमा सेवा सञ्चालन गर्न आवश्यक परेमा।

**११. काज अवधि :** (१) काज अवधि एक पटकमा बढीमा छ महिना हुनेछ।

(२) विशेष अवस्थामा नगर पालिका कार्यालयको निर्णयबाट थप छ महिनासम्म अवधि बढाउन सकिनेछ।

## परिच्छेद—५

## सरुवाका आधार

**१२. सरुवाका आधार :** देहायका आधारमा सरुवा गर्न सकिनेछः

क) एउटै स्वास्थ्य संस्थामा लगातार ३ वर्ष वा सोभन्दा बढी अवधि कार्यरत भएको।

ख) लगातार ३ वर्ष भन्दा वढी एउटै संस्थामा स्वास्थ्य संस्था प्रमुखको भूमिकामा भएको।

ग) दुर्गम तथा सहज क्षेत्रबीच जनशक्ति सन्तुलन कायम गर्न आवश्यक भएको।

घ) सेवा प्रवाहमा समस्या उत्पन्न भएको।

ङ) स्वास्थ्य संस्थामा दरवन्दी रिक्त रहेको।

च) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन कमजोर वा उत्कृष्ट रहेको।

छ) पति-पत्नि दुबै स्थानीय सेवामा कार्यरत भए यथासम्भव नजिकको कार्यस्थल उपलब्ध गराउने।

ज) स्वास्थ्य अवस्थाको कारण उपयुक्त स्वास्थ्य संस्थामा कार्य गर्न आवश्यक देखिएमा।

झ) कर्मचारीको स्वेच्छिक निवेदनको आधार भएको।

(ञ) समान पदमा पारस्परिक सहमति भएमा।

**१३. प्राथमिकता :** देहायको आधारमा प्राथमिकता दिइनेछः

क) ज्येष्ठता

ख) कार्यसम्पादन मूल्याङ्कन

ग) दुर्गम क्षेत्रमा गरेको सेवा अवधि

## परिच्छेद—६

## विशेष संरक्षण

**१४. विशेष व्यवस्था :** देहायका कर्मचारीलाई प्रतिकूल असर पर्ने गरी सरुवा वा काज गरिने छैनः

(क) गर्भवती कर्मचारी

(ख) दुई वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला स्वास्थ्यकर्मी

(ग) अपाङ्गता भएका कर्मचारी

(घ) गम्भीर रोगबाट पीडित कर्मचारी

**१५. अवकाश नजिकका कर्मचारी :** अनिवार्य अवकाश हुन एक वर्ष भन्दा कम अवधि बाँकी रहेका कर्मचारीलाई सम्भव भएसम्म अपायक पर्ने गरि सरुवा वा काज गरिनेछैन।

## परिच्छेद—७

## हाजिर, अनुगमन र पुनरावलोकन

**१६. हाजिर :** सरुवा वा काज आदेश प्राप्त कर्मचारीले बाटोको म्याद बाहेक सात दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्नेछ।

**१७. अनुगमन :** आधारभूत स्वास्थ्य तथा सरसफाई इकाईले सरुवा तथा काज व्यवस्थापनको समीक्षा तथा अनुगमन गर्नेछ।

**१८. पुनरावलोकन :** सरुवा वा काज आदेशप्रति चित्त नबुझेमा आदेश प्राप्त भएको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष पुनरावलोकनका लागि निवेदन दिन सकिनेछ।

## परिच्छेद—८

## विविध

**१९. बाधा अड्काउ फुकाउने अधिकार :** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी फुकाउन सक्नेछ।

**२०. बचाउ :** यस मापदण्डमा उल्लेख नभएका विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७५, कर्णाली प्रदेश स्थानीय सेवा सम्बन्धी प्रचलित कानुन तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

**२१. मापदण्डको संशोधन :** यस मापदण्डको संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

## अनुसूची—१
## स्वास्थ्य संस्थाको वर्गीकरण

**१.क वर्ग (सुगम)** : वडा नं ४,५,६,७,८ का स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरु।

**२.ख वर्ग (मध्यम)** : वडा नं २,३,९ र १० का स्वास्थ्य चौकीहरु,शहरी स्वास्थ्य केन्द्र विनायक,वस्नेपाटी

**३.ग वर्ग (दुर्गम)** : वडा नं १,११,१२ र १३ का स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरु,शहरी स्वास्थ्य क्लिनिक सियाला र रातिमाटा

**अनुसूची—२**

**सरुवा/काज निवेदन फाराम**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
दुल्लू नगरपालिका, दैलेख।

**विषयः सरुवा/काजमा खटाइ पाउँ।**

म हाल ........................................... स्वास्थ्य संस्थामा ................................ पदमा कार्यरत रहेको हुँदा देहायको कारणले मलाई सरुवा/काजमा खटाई पाउन अनुरोध गर्दछु।

**विवरण**

नामः

पदः

तहः

कर्मचारी संकेत नं. :

जन्म मितिः

हाल कार्यरत संस्थाः

हालको कार्यालयमा हाजिर भएको मितिः

सेवा अवधि :

सरुवा/काज माग गरेको संस्थाः

१.

२.

३.

कारणः

मितिः

हस्ताक्षरः

अनुसूचि-३

सरुवा तथा काज पत्र

विषयः सरुवा/काजसम्बन्धमा।

महाशय,

यस नगरपालिकाको मिति ........................................................ को निर्णयानुसार स्वास्थ्यकर्मी सरुवा, काज तथा पदस्थापना मापदण्ड २०८३ को दफा ८ बमोजिम देहाय अनुसार सरुवा/काज गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| साबिकको पद,समूह,श्रेणी,पद र निकाय | सरुवा गरिएको पद,श्रेणी,पद र निकाय |
|---|---|
| सेवाः<br>श्रेणीः<br>पदः<br>कार्यालयः | सेवाः<br>श्रेणीः<br>पदः<br>कार्यालयः |

श्री .....................

कर्मचारी संकेत नं. ...................

**बोधार्थः**

प्रमाणिकरण मितिः२०८३।०४।१३

आज्ञाले

पदम बहादुर बुढा(क्षेत्री)

प्रमुख प्रशासकीय अधिकृत